सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ ✵ अंक : ७९ ✵ २०७९ साल, पुस ५ गते मंगलबार, ✵ Tuesday 20 Dec, 2022 मूल्य रु. ५/- ✵ पृष्ठ : ४

## काठमाडौं-तराई/मधेस द्रुतमार्गका लागि फेरि रुख कटान




बारा, ४ पुस ।

काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणका लागि नेपाली सेनाले फेरि रुख काट्न सुरु गरेको छ । द्रुतमार्ग निर्माणको क्रममा नयाँ संरचना बनाउन थप जग्गा आवश्यक परेको भन्दै ३ वटा सामुदायिक र राष्ट्रिय वन क्षेत्रबाट १ हजार २५ वटा रुख कटानका लागि सेनाले डिभिजन वन कार्यालय बाराबाट सहमति लिएर कटानको काम सुरु गरेको हो । सेनाले गत सातादेखि कछडिया, नागमणि, बाघभैरव सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा रुख कटानको काम सुरु गरेको हो । द्रुतमार्गको जिरो पोईन्ट (निजगढ) मा सेनाको ब्यारेक क्षेत्रमा रहेको खाली जग्गालाई सदुपयोग गर्दा थप रुख काट्नु नपर्ने भन्दै यसअघि वन कार्यालयले सेनालाई आसपासका खाली जग्गामै आवश्यक संरचना बनाउन आग्रह गरेको थियो । तर सेनाले भने आवश्यक संरचना तोकिएको स्थानमै निर्माण गर्नुपर्ने अडान राखेपछि थप रुख काट्नु परेको हो ।

डिभिजन वन कार्यालय बाराका प्रमुख विनोद सिंहले अधिकांश सरकारी निकायहरुले वन क्षेत्र भित्रकै खाली जग्गाको सदुपयोग भन्दा पनि रुख कटानमै बढी ध्यान केन्द्रित गर्ने गरेको गुनासो गरे । 'हामीलाई रुख काट्न स्वीकृत दिने ईच्छा छैन, तर राष्ट्रिय गौरवको आयोजना हो । काम रोक्न पनि भएन, कटान अनुमति रोक्दा चौतर्फी दबाब र आलोचना सुन्नुपर्ने भएकाले बाध्य भएर अनुमति दिएका हौं,' उनले भने ।

*(बाँकी तेश्रो पेजमा)*

## निजगढका एमाले नेता तिमल्सिनाको मोटरसाइकल दुर्घटनामा निधन



बारा, ४ पुस ।

बाराको निजगढमा भएको मोटरसाइकल दुर्घटनामा परि नेकपा (एमाले) का स्थानीय एक नेताको ज्यान गएको छ । बाराको निजगढ नगरपालिका-१ सिंगौल बस्ने ४७ वर्षीय भोलाप्रसाद तिमल्सिनाको मृत्यु भएको हो । उनी चढेको ना ३४ प ८३३१ नम्बरको मोटरसाइकल विपरीत दिशाबाट आइरहेको ना ६ ख २२६१ नम्बरको ट्रकमा निजगढ नगरपालिका

*(बाँकी तेश्रो पेजमा)*

## भन्सार छलिको सामानसहित पथलैयाबाट ट्रक नियन्त्रणमा



काठमाण्डौं, ४ पुस ।

भन्सार छलिको सामान बोकेको ट्रक सशस्त्र प्रहरीले बाराको जितपुर सिमरा उपमहानगरपालिका-१ स्थित पथलैयामा नियन्त्रणमा लिएको छ । बिओपी बीरगञ्जबाट खटिएको टोलीले ना.४ख ८३३४ नम्बरको ट्रक नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले रातोपाटीलाई बताए । वीरगञ्जबाट पथलैया तर्फ जाँदै गरेको ट्रकमा बिजविजक भन्दा धेरै औषधीसहितका सामान फेला परेको छ। करिब ७८ प्रकारका समान बोकेर भारतबाट नेपाल आउँदै गरेको सो ट्रकलाई सशस्त्र प्रहरीले थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ। ट्रकमा करिब १ करोड ३९ लाख मूल्य बराबरको सामान फेला परेको छ । (साभार-रातोपाटी)

## रेशम चौधरीको रिहाइ माग गर्दै नागरिक उन्मुक्ति पार्टी र थारु कल्याणकारी संघले संयुक्त खबरदारी कार्यक्रम सम्पन्न



बारा, ४ पुस ।

थारु कल्याणकारी संघ बाराको अध्यक्ष रामप्रसाद चौधरीको सभापतित्व तथा नागरिक उन्मुक्ति पार्टी बाराको जिल्ला अध्यक्ष रामचन्द्र चौधरीको प्रमुख आतिथ्यमा खबरदारी कार्यक्रम सम्पन्न भएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश प्रमाणीकरणको माग गर्दै नागरिक उन्मुक्ति पार्टी तथा थारु कल्याणकारी संघ बाराले बाराको सदरमुकाम कलैयामा जुलुस र्याली निकाली जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना दिइ भरत चौकमा कोण सभामा परिणत भएको थियो ।

विभिन्न समूहसँग सरकारले गरेको सहमति कार्यान्वयनका लागि सरकारले अध्यादेश ल्याएपनि प्रमाणीकरण नभएको भन्दै सो पार्टीले धर्ना दिएको हो । प्रदर्शनमा सहभागीहरुले

*(बाँकी तेश्रो पेजमा)*

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका

फेटा (बारा)

## २३ जना एसपीहरुको काज सरुवा, पर्सामा कोमल शाह आउदैं



बिरगन्ज, ४ पुस ।

नेपाल प्रहरीका २३ जना एसपीहरुको काज सरुवा भएको छ । सरुवामा ८ जिल्लाका प्रहरी प्रमुख फेरिएका छन्। सरुवा सूचीअनुसार झापामा एसपी दुर्गाराज रेग्मी, पर्सामा कोमल शाह, धनुषामा विश्वराज खड्का, सर्लाहीमा नरेशराज सुवेदी,

*(बाँकी तेश्रो पेजमा)*

## मर्मत गर्न राखिएको ट्रकमा मोटरसाइकल ठोक्किँदा २ जनाको मृत्यु

बारा, ४ पुष ।

बारामा मोटरसाइकल दुर्घटनामा परेर दुई जनाले ज्यान गुमाएका छन्। आइतबार साँझ भएको सवारी दुर्घटनामा रौतहटका दुई युवकले ज्यान गुमाएका हुन् । सोही मोटरसाइकलमा सवार अर्का एक जना घाइते भएका छन् ।

मर्मत गर्नका निमित्त सडक छेउमा पार्क गरेर राखिएको ट्रकमा मोटरसाइकल ठोक्किँदा भएको दुर्घटनामा रौतहटको गुजरा नगरपालिका वडा नम्बर ३ सिम्रिका निवासी २६ वर्षीय भुवन पहारी र २७ वर्षीय रितबहादुर राई रहेका छन् । सोही स्थानमा २४ वर्षीय सुशील माझी घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार आइतबार साँझ करवी ७ बजेको करिवमा पूर्वपक्षिम लोकमार्गको भमरा र धन्सार पुलबीचको जङ्गलमा पर्ने सिम्री जाने सडकभन्दा करिब २ सय मिटर पर दुर्घटना भएको थियो ।

चक्का फेर्न भनेर राजमार्ग छेउमा रोकेर राखेको प्रदेश २-०३-००१ ख ४२२९ नम्बरको मालबहाक ट्रकमा निजगढबाट सिम्रीतर्फ जाँदै गरेको प्रदेश २-०३ -००९ प ३९४३ नम्बरको मोटरसाइकल ठोक्किएपछि मोटरसाइकलमा सवार ३ जना मध्ये दुई जनाको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ । गम्भीर रुपले घाइते सुशिललाई उपचारको लागि भरतपुर पठाइएको छ । घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय निजगढ र जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराको टोली घटनास्थल पुगेको थियो । मृत्तकको शव पोष्टमार्टमको कलैया पठाइएको छ ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# विश्वकपको अन्तिम रात करोडौँको खेल, दुई जना पक्राउ

काठमाण्डौ, ४ पुस ।

सूर्यविनायक नगरपालिका–६ सूर्यविनायक निवासी सत्यराम लामाले फिफा विश्वकपको अन्तिम खेलको बाजीमा एक लाख रुपैयाँ गुमाए । गए राति भएको विश्वकपको विश्व विजेता अर्जेन्टिनाले उपाधि हात पार्दै विश्वकप जितिरहँदा नेपालमा भने करोडौँको बाजीमा हारजितको खेल भएको छ । दुई राष्ट्र अर्जेन्टिना र फ्रान्सको अन्तिम खेलमा फ्रान्सको पक्षमा बाजी थापेका लामाले एकै रात एक लाख रुपैयाँ हारेका हुन् । यो हार त लामाको फाइनल खेलमा भएको हो । यसअघि पनि उनले विश्वकप सुरु भएदेखि नै पटक पटक विभिन्न देशको पक्षमा राखेको बाजीमा तीन लाख रुपैयाँ हारेका हुन् ।

मध्यपुरथिमि नगरपालिका–५ राधेराधे बस्ने कमल खत्रीले विश्वकपको अन्तिम खेलमा रु ५० हजार बाजीमा हारे । राधेराधेको एक होटलमा विश्वकप हेर्दा आफ्नै सहकर्मीहरूसँग बाजी राखेका उनले विश्वकपको अवधिभर तीन लाख रुपैयाँ बाजीमै सिध्याए । यी त उदाहरण मात्रै हुन्, आइतबार राति सम्पन्न फिफा विश्वकपमा खेल भइरहँदा भक्तपुरमा




मात्रै बाजीमा करोडौँको हारजितको खेल भएको छ । त्यतिमात्रै होइन विश्वकपकै बहानामा अनलाइनमार्फत सट्टाबाजी लगाएर जुवा खेल्नेरखेलाउने दुई जनालाई प्रहरीले भक्तपुरबाट पक्राउ गरेको छ ।

प्रहरीले भक्तपुरको चाँगुनारायण नगरपालिका–९ ताथली बस्ने ३१ वर्षीय सुनिल चौगुठी र सूर्यविनायक नगरपालिका–८ आदर्शटोल बस्ने २५ वर्षीय अजय भेलेलाई आज पक्राउ गरेको हो । उनीहरूलाई प्रहरीले फिफा विश्वकप फुटबलका खेलहरूमा बेटिङ एप्लिकेसन वनएक्स बेट प्रयोग गरी अनलाइनमार्फत सट्टाबाजी खेल खेलाएको पाइएपछि पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले पक्राउ परेका दुवै जनालाई मुलुकी अपराधसंहिता दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न गराउन नहुने कसुरअन्तर्गत थप अनुसन्धान एवं कारबाही प्रक्रिया अगाडि बढाएको जानकारी दिए । उनीहरूले वनएक्स बेटमा सट्टाबाजी गराउन विगत एक वर्षदेखि सट्टाबाजी गर्ने एजेन्टका रूपमा कार्य गर्न थालेको अनुसन्धानका क्रममा खुलेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार पक्राउ परेका चौगुठीको विभिन्न २३ वटा बैंकमा रहेको २५ वटा खाताहरूको कारोबारको विवरण माग गरिएकामा हालसम्म सातवटा बैंक खाताबाट विगत एक वर्षमा दुई करोड ४५ लाख ७१ हजार ८९९ रुपैयाँको कारोबार भएको पाइएको छ ।

भेलेको विभिन्न १९ वटा बैंक खाताको कारोबार माग गरिएकामा हालसम्म पाँचवटा खाताको विवरण प्राप्त भएको र ती खातामा ६० लाख रुपैयाँभन्दा बढी रकमको कारोबार भएको पाइएको छ । खेलमा बढी रकम हारेका व्यक्तिको पहिचान गरी प्रलोभन देखाएर सट्टेबाजीको एजेन्ट बनाउने र सट्टेबाजीमा प्रयोग हुने 'वान एक्स बेट' मार्फत यसरी सट्टाबाजीको रकम सत्तलन गर्ने कार्यमा चौगुठी र भेले सक्रिय रहेको पाइएको प्रहरीको भनाइ छ । रासस

# झारफुकको नाममा काठमाडौँमा तातो तेल खन्याएर महिलालाई यातना

काठमाण्डौ, ४ पुस ।

काठमाडौँको तारकेश्वर नगरपालिका–६ स्थित जरङ्खुमा झारफुकको नाममा महिलालाई चरम यातना दिइएको छ । आफूलाई माता बताउने १९ वर्षीया सचिता मगरले भोजपुर घर भएकी ३६ वर्षीया सविता राई 'रुपा'लाई यातना दिएकी हुन् । झारफुक गरेर रोग निको पार्ने नाममा सचिताले पीडितलाई तातो तेल खन्याएर पन्युले डामेको आरोप छ ।




आफूलाई माता दावी गर्ने सचितालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी दिनेशराज मैनालीले जानकारी दिए । घटनाबारे प्रहरी वृत बालाजुले अनुसन्धान गरिरहेको छ । झारफुकका नाममा सवितलाई माता र उनका सहयोगीले तातो तेल खन्याए पन्यु र त्रिशुलले डामेर खुकुरी समेत प्रहार गरेको पीडितको आरोप छ । सचिता र उनका सहयोगीको यातनाबाट घाइते भएकी पीडितको महाराजगञ्ज स्थित प्रहरी अस्पतालमा उपचार भइरहेको छ । आरोपी महिला सोमबार पक्राउ परेकी हुन् । (साभार–रातोपाटी)

# अपांगतामैत्री विपद् नीतिको आवश्यकता

काठमाण्डौ, ४ पुस ।

विपद्पूर्व, विपद्को समय र विपद् पछिका तीनै चरणका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि दृष्टिगत गरी सूचना, नीति तथा कार्यक्रमहरु बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजनामा सोमबार काठमाडौँमा भएको 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरुको समवेशीकरण तथा सहभागिता' विषयक अन्तरक्रियाका वक्ताहरूले विपद्बाट सबैभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुने भन्दै उनीहरूको सुरक्षाका लागि पनि प्रभावकारी कार्यक्रम बनाउनुपर्नेमा वक्ताको जोड थियो ।

उक्त कार्यक्रममा प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिका समवेशीकरण तथा




सहभागिताका लागि प्राधिकरणका तर्फबाट मानक निर्देशिकाहरू तयार गरी त्यसलाई स्थानीयकरण गर्ने कार्य भइरहेको जानकारी दिए । अपाङ्गता भएका व्यक्तिका लागि पानी तथा सरसफाइमा पहुँचयोग्य अवस्थाका बारेमा आर्किटेक्ट दीपक केसीले विश्वका विभिन्न देशका उदाहरणसहित प्रस्तुतीकरण गरे । उनले अपाङ्गता भएका व्यक्तिको दैनिक जनजीवन सहज बनाउन मात्र नभएर आत्मसम्मानका लागि पनि पहुँचयोग्य संरचनाको आवश्यकता पर्ने बताए । केसी स्वयम् अपाङ्गता भएका व्यक्ति हुन् ।

प्राधिकरणका सहसचिव रोशनीकुमारी श्रेष्ठले प्राधिकरणबाट भएका कार्यहरू, निर्माण भएका तथा भइरहेका कार्यविधि एवं निर्देशिका तथा अन्य नीतिगत व्यवस्थाबारे जानकारी दिएका थिए। राष्ट्रिय अपाङ्ग महासंघका सचिव सिर्जना केसीले बहुअपाङ्गतालाई पनि ध्यानमा राखेर भवनसंहिता तथा सहयोगी सामग्रीको निर्माण गर्नुपर्ने आवश्यकता औँल्याइन् । उनले विपद्बारेको सूचना नै अपाङ्गता भएका व्यक्तिसम्म नपुगेको भन्दै यसतर्फ प्राधिकरणको ध्यानाकर्षण गराइन् ।

कार्यक्रमका सहभागीहरूले धेरै प्रकारका अपाङ्गता हुने र उनीहरूका समस्या र आवश्यकता पनि फरकफरक हुने भएकाले सबैलाई एउटै बास्केटमा हालेर नहेर्न पनि आग्रह गर्नुभएको थियो । उनीहरूले विपद्पछि स्थापना गरिने आश्रयस्थलहरू अपाङ्गतामैत्री नहुने र राहतमा उनीहरूको पहुँच पुग्न नसकेकोतर्फ पनि ध्यानाकर्षण गराएका थिए । विपद्का सूचना दिने उपकरणहरू अपाङ्गतामैत्री बनाउन पनि उनीहरूले आग्रह गरेका थिए । कार्यक्रममा राष्ट्रिय अपाङ्ग कोष, राष्ट्रिय अपाङ्ग महासंघलगायत विभिन्न अपाङ्गतासँग सम्बद्ध संघसंस्थाहरू एवं अपाङ्गता क्षेत्रमा काम गरिरहेका विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिको उपस्थिति थियो ।रासस

# लागुऔषध मुद्दामा ५ वर्ष कैद फैसला भएका फरार प्रतिवादी पक्राउ

काठमाण्डौ, ४ पुस ।

लागुऔषध मुद्दाका एकजना फरार प्रतिवादीलाई प्रहरीले रुपन्देहीबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा रुपन्देही घर भएका नारायण बस्याल छन् । २०७४ भदौ २१ मा उच्च अदालत तुलसीपुर दाङले बस्याललाई ५ वर्ष कैद र ५ हजार जरिवाना हुने फैसला गरेको थियो । २०७२ भदौ ७ मा बस्याल २ ग्राम ३ सय मिलिग्राम खैरो हेरोइनसहित पक्राउ परेका थिए । जिल्ला अदालतबाट १० हजार जरिवाना तिरेर छुटेका बस्यालविरुद्ध सरकारी वकिल कार्यालयले पुनरावेदन गरेको थियो । उच्च अदालतको फैसलापछि बस्याल विदेशमा लुकेर बसेका थिए ।

नेपाल फर्केको सुराक पाएपछि इलाका प्रहरी कार्यालय सालझण्डीका इन्स्पेक्टर जगन्नाथ मरासिनी नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो । जिल्ला अदालत रुपन्देहीको आदेशले उनलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका डीएसपी श्यामु अर्यालले रातोपाटीलाई बताए ।

(साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा